# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, वैशाख १७ गते २०६४ साल (संख्या ३

## भाग ५

### नेपाल सरकार
### श्रम तथा यातायात व्यवस्था मन्त्रालयको

#### सूचना १

नेपाल सरकारले श्रम नियमावली, २०५० को नियम ४५ को उपनियम ३ ले दिएको अधिकार प्रयोग गरी सोही नियमको उपनियम (१) को खण्ड (छ), (ज) र (झ) को सट्टा देहायको खण्ड (छ), (ज) र (झ) राखी हेरफेर गरेको छ ।

छ) श्रम सम्बन्धी विशेषज्ञहरू मध्येबाट नेपाल सरकारबाट मनोनित व्यक्तिहरू ४ (चार) जना —सदस्य

ज) रोजगारदाता मध्येबाट नेपाल उद्योग वाणिज्य महासंघबाट मनोनित प्रतिनिधि ७ (सात) जना —सदस्य

झ) ट्रेड यूनियन महासंघका आधिकारिक प्रतिनिधि ५ (पाँच) जना —सदस्य

#### सूचना २

नेपाल सरकारले कृषि श्रमिकहरूको लागि ज्याला निर्धारण गरी देहाय बमोजिमको व्यवस्था गरेकोले सो बमोजिम गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क) ज्यालादर, कामको समय निर्धारण

१. नेपाल राज्यभर लागू हुने गरी कृषि श्रमिकहरूका लागि दैनिक रू. १००।- र प्रतिघण्टा रू. १२।५० का दरले न्यूनतम ज्याला निर्धारण गरिएको छ। यो भन्दा घटी दरमा कुनै पनि कृषि श्रमिकलाई काममा लगाउन पाइने छैन।

२. नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालामा नघट्ने गरी जिल्ला विकास समितिले स्थानीय ज्याला निर्धारण गर्न सक्नेछ।

३. कुनै ठाउँ विशेषमा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालाभन्दा बढी ज्याला दिने प्रचलन रहेछ भने खाइपाई आएको प्रचलित ज्यालामा घटाउन पाइने छैन।

४. महिला र पुरुषको लागि समान कामको लागि समान ज्याला दिनु पर्नेछ।

५. दैनिक आठ घण्टाको कार्य समय निर्धारण गरिएको छ।

६. गाउँ विकास समिति र नगरपालिकाले आ-आफ्नो क्षेत्रभित्रका कृषि श्रमिकहरूको ज्याला सम्बन्धमा परेका उजूरी लिई निर्णय गर्न छन्।

७. कृषि श्रमिकहरूको ज्याला सम्बन्धमा स्थानीय स्तरमा समस्या देखा परेमा सोको निराकरणको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सम्बन्धित क्षेत्रका श्रम कार्यालयहरूले जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

८. चौध वर्ष मुनिका केटाकेटीहरूलाई काममा लगाउन र चौध वर्षभन्दा माथिका नाबालिगलाई जोखिमपूर्ण काममा लगाउन निषेध गरिएको छ। चौधदेखि सोह्र वर्ष समूहका नावालिग कामदारलाई दिनको ६ (छ) घण्टा र हप्ताको ३६ (छत्तीस) घण्टाभन्दा बढी समयसम्म काममा लगाउन नपाइने र १६ देखि १८ वर्ष समूहका नावालिगलाई बिहान ६ बजेदेखि साँझ ६ बजेसम्मको समय बाहेक अन्य समयमा काममा लगाउँदा त्यस्तो नावालिग कामदार र कृषक बीचको आपसी सहमतीमा मात्र काममा लगाउन सकिनेछ।

ob



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख) <u>अनुगमन व्यवस्था</u>

१. जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिले कृषि श्रमिकहरूको ज्यालाको अनुगमन र कार्यान्वय गर्नेछन् ।

२. कृषि श्रमिकहरूको न्यूनतम ज्याला सम्बन्धी राष्ट्रियस्तरको अनुगमन समितिको रूपमा केन्द्रीय श्रम सल्लाहकार समितिले कार्य गर्नेछ । राष्ट्रियस्तरको अनुगमन समितिले न्यूनतम ज्याला लागू गराउने, पुनरावलोकन गरी अद्यावधिक गराउन नेपाल सरकारलाई सिफारिश गर्ने, न्यूनतम ज्याला कार्यान्वन गर्न बाधा आइपरेको अवस्थामा बाधा फुकाउने र अन्य आइपरेको समस्या समाधान गर्ने ।

खण्ड ४९, अतिरिक्ताङ्क ४० (क), मिति २०५६।९।२९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित तत्कालीन श्रम मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
श्यामप्रसाद मैनाली
नेपाल सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.न. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।